# डुङ्गेश्वर गाउंपालिका

## गाउँ कार्यपालिका कार्यालय

**दैलेख**

**कर्णाली प्रदेश , नेपाल**

## डुङ्गेश्वर गाउंपालिका कर तथा गैर कर राजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४

प्रमाणिकरण मिति : २०७५।३।१७

प्रमाणित गर्नेको दस्तखत :

कार्यपालिकाबाट स्वीकृत मिति :२०७५।३।१५

# डुंगेश्वर गाउंपालिका कर तथा गैर करराजस्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४

**प्रस्तावना:**

गाउंपालिका समग्र विकासको लागि गाउंपलिका रावस्व लागाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले,

डुंगेश्वर गाउंपालिकाको दोस्रो गाउं सभाले नेपालको संविधानको धारा २२६ को उपधारा(१) बमोजिम यो कानून बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षित नाम र प्रारम्भ:**

(१) यस कानुनको नाम 'गाउंपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धि कानून २०७४'रहेको छ ।

(२) यो कानुन गाउंपालिका भर लागु हुनेछ र यस कानुन बमोजिम कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भए पनि निजको हकमा समेत लागू हुनेछ ।

(३) यो कानून तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषयमा वा प्रसंग अर्को नलागेमा यस कानूनमा:-

(क) **"कम्पनी"** भन्नाले प्रचलित नेपाल कानून बमोजिम संस्थापन भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्थालाई जनाउँछ ।

(ख) **"कर"** भन्नाले परिच्छेदन ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।

(ग) **"कर अधिकृत"** भन्नाले डुंगेश्वर गाउंपालिकाकाले गैर कर राजश्व उठाउने सम्वन्धी ऐनको दफा ६ बमोजिम नियुक्त गरको कर अधिकृत सम्झनु पर्छ सो शब्दको कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने गाउंपालिका गाउंपालिका को अधिकृत स्तरको कर्मचारी समेत जनाउँछ ।

(घ) **"कर एकाई"** भन्नाले गाउंपालिका कर सम्बन्धि काम, कारबाही र निणर्य गर्ने गाउंपालिकाका विभाग, महाशाखा शाखा वा सो प्रयोजनको लागि तोकिएको कार्यालयको रुपमा रहेको गाउंपालिका अन्तर्गत संगठन संरचना सम्झनु पर्छ ।

(ङ) **"कर दाता"** भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरको व्यक्तिलाई समेत जनाउँछ ।

(च) **"कर निर्धारण"** भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउँछ ।

(छ) **"गैरकर राजस्व"** भन्नाले परिच्छेद-१४ बमोजिम लाग्ने वा लागेको गैरकर राजस्व सम्झनु पर्छ ।

(ज) **"परिवार"** भन्नाले प्राकृतिक व्यक्तिको पति,पत्नी, अंश छुट्टिए वा नछुट्टिएका नावालिक सन्तान सम्झनु पर्छ ।

(झ) **"प्रमुख प्रसासकीय अधिकृत"** भन्नाले गाउंपालिका प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ ।

(ञ) **"फर्म"** भन्नाले प्रचलित कानून कमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ट) **"व्यक्ति"** भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(ठ) **"सभा"** भन्नाले गाउंपालिका को सभा सम्झनु पर्छ ।

(ड) **"स्थानीय सरकार"** भन्नाले तहको कार्यकारिणी अधिकार प्रयोग गर्ने गाउंपालिका सम्झनु पर्छ ।

(ढ) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

**३. व्याख्या:**

यो कानूनमा परिभाषा गरिएका लवजको सोही र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धि संघीय ऐन तथा दफा बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

४. कर तथा गैरकर राजस्व सम्बन्धि सामान्य सिद्धान्त:

(१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाईनेछः-

(क) कर तिर्न सक्ने क्षमताका आधारमा ।

(ख) कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी ।

(ग) सरल, पारदर्शी  मितव्ययी आधारित हरने गरी ।

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर ।

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरेर ।

(छ) पश्चात‌दाशाी असर नपर्ने गरेर ।

(२) गैरकर राजस्व लगाउँदा र उठाउँदा गराइने सेवा, सहुलियत र सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई मानी लगाईने र उठाइनेछ ।

## परिच्छेद-३

## कर प्रशासन सम्बन्धि व्यवस्था

**५. कर प्रशासन:**

(१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकार क्षेत्रभित्रको कर तथा गैरकरको प्रशासन गाउंपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको र कर प्रशासन व्यावासायिक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर एकाई रहन सक्नेछन् ।

**६. कर्मचारी सम्बन्धी व्यवस्था:**

(१) स्थानीय सरकारबाट स्वीकृत दरबन्दी अनसारका विभिन्न तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन् ।

(२) कर एकाईमा स्थानीय सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरबन्दीका आधारमा एक सो भन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

**(७) कर अधिकृतको काम, कर्तव्य र अधिकार:**

यस कानूनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकार अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर संकलन गर्ने ।

(ङ) कर ताथ गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा  गाउंपालिका सुझाव दिने ।

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(ञ) करदाता प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(ट) कर सम्बन्धी अभिलेख दरुस्त राख्ने  ।

(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

**८. <u>अधिकार प्रत्यायोजन:</u>**

(१) गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृले संविधान र यस कानून बमोजिम आफुमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यक अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रण रहने गरी आफु मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफुलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा स्थानीय सरकारबाट कुनै खास निर्देशन भएकेमा सोही बमोजिम गर्नु पर्नेछ ।

**९. <u>प्रत्यायोजित अधिकार र जिम्मेवारी:</u>**

(१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही पर्नेछ ।

## परिच्छेद -४

## कर राजस्व सम्बन्धि व्यवस्था

**१०. सम्पति कर:**

(१) गाउंपालिका आफ्नो क्षेत्र भित्र रहेको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा मूल्याङ्गित रकमको ०.२५(शुन्य दशालव दुइ पाँच) प्रतिशतका दरले सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र  जग्गा बाहेकका अन्य भएमा दफा १४ बमोजिम भूमिकर (मालपोत) लगाउनु र असुल उपर गर्न् पर्नेछ ।

(३) गाउंपालिकाले आफ्नो क्षेत्र भित्रको घर जग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मूल्यांकन देहाय बमोजिम गरिनेछः-

(क) घरको बनौट  (कच्ची वा पक्की)

ख) घर जग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको र जोडिएको भए पक्की, कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसँगको दुरी ।

(ग) घर जग्गाको व्यापारिक वा आवसिय उपयोगको अवस्था ।

(घ) सम्पत्ति मूल्यांकन गर्दा अनुसुची १ बमोजिम ह्रासकट्टी गरी खुद सम्पित्ति कायम गरिनेछ ।

(ङ) खण्ड  (घ) बमोजिम कायम भएको खुद सम्पत्तिमा सात प्रतिशत मर्मत संभार खर्च कट्टी गर्न

(५) उपदफा(४) बमोजिम घर जग्गा मूल्यांकन गर्न देहायको घर जग्गा मूल्यांकन समिति गठन   गर्न सक्नेछः

(क) स्थानिय सरकारले तोकेको इन्जिनियर वा प्राविधिक- संयोजक

(ख) स्थानिय सरकारले तोकेको घरजग्गा सम्बन्धि बिज्ञ एक जना- सदस्य

(ग) कर एकाईको प्रमुख- सदस्य सचिव

(६) घरजग्गा मूल्याँकन समितिले स्थानीय  तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(७) घरजग्गा मूल्यांकन समितिले प्रत्येक पाँच वर्षमा घरजग्गा मूल्याङ्गनका आधार र दररेटको सुझाव सिफारिस गर्न सक्नेछ ।

(८) घर जग्गा मूल्यांकन समितिले बैठकको काय्विधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तिको स्पामित्व देहायको व्यक्तिमा रहेको मानिनेछ :-

(क) आर्थिक वर्षको पहिला दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति  एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्वष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैको बराबर हक ।

(१०) करदाताले प्रत्येक वर्ष स्वयं कर निर्धारण गरी आश्विन मसान्त भित्र गाउंपालिकाविवरण पेश गर्नुपर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भिर कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(१२) नावालकको नाममा रहेको सम्पत्तिमा लाग्ने सम्पत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्तिको हुनेछ ।

**(११) घर बाहल कर:**

(१) गाउंपालिकाले आफ्नो क्षेत्र भित्र बहालमा लगाउने घरको आकार,प्रकार, बनौट  र चर्चेको जग्गा -प्लिन्थि एरीया) को आधारमा घर बहाल आय रकमको २ दुई प्रतिशतका दरले बहाल कर लगाई असुल उपर गर्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर(सेडड), कारखाना र यस्तै पक्की वा कच्ची संरचना सम्झनु पर्छ ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहाल करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहालमा दिइएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर बहालमा दिदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सोको विवरण सो कार्य भएको मितिले पैंतिस दिनभित्र कर एकाइमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा(३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कार्यालय, कम्पन,फर्म, एजेन्सी, परामर्शादाता वा जुनसुकै प्रकारको संगठित संस्थाको घर बहालमा लिएकोमा बहाल भुक्तानी दर्गा अग्रीम कर कट्टी गरी घरधनीका तर्फबाट कर एकाईमा घर बहाल कर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने घर बहाल कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गेत भित्र दाखिला गर्न पर्नेछ ।

(६) घर बहालको प्रयोजनको लागि स्थानीय सरकारले न्यूनतम मासिक घर बहाल रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धि अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) घर बहालमा दिने घरधनीकले घर बहाल करको विवरण प्रत्येक आर्थीक वर्षको आश्विन मसान्त भित्र पेश गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम दाखिला गर्नु पर्ने कर प्रत्येक आर्थीक वर्षको आश्विन मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(१०) यस आर्थीक वषको घर बहाल कर एकमुष्ट अग्रीम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घर धनिलाई घर बहाल करमा दश प्रतिशत छुट दिइनेछ ।

**(१२) <u>घर जग्गा रजिष्ट्रेसन शुल्कः</u>**

(१) गाउंपालिकाघर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) गाउंपालिकाउपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन जग्गा वा घर रजिष्ट्रेसन शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर , जग्गा वा घर जग्गा रजिस्ट्रेसन शुल्क समेत उठाउन् पर्नेछ । यसरी असुल भएको घर, जग्गा वा घर जग्गा रजिस्ट्रेसन शुल्क रकम मध्ये गाउंपालिकालगाएको सबै ऌर प्रदेशले लगाउको घर, जग्गा वा घर जग्गा रजिस्ट्रेसन शुल्क को दुइ प्रतिशत रकम गाउंपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) गाउंपालिकाक्षेत्र भित्र घर, जग्गा वा घर जग्गा रजिस्ट्रेसन पारित री गारई स्वामित्व प्राप्त पर्ने व्यक्तिले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेसन शुल्क बुझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन शुल्क स्वामित्व हस्तारन्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ ।

(५) घर जग्गा रजिष्ट्रेसन शुल्क प्रत्येक कारोबारको लिखितमा भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम बमोजिम त्यास्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेसन गर्ने कार्यालयबाट असुल उपर गरिनेछ ।

(६) रजिष्ट्रेसन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकमको १ -एक) प्रतिशत हुनेछ ।

(७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा(६) बमोजिम लाग्ने शुल्कमा २५ प्रतिशत रकम छुट हुनेछ ।

(८) संघिय, प्रदेश र स्थानीय सरकार तथा सकरकारी निकायलाई रजिष्ट्रेसन शुल्क लाग्ने छैन ।

(९) गाउंपालिकाले घर जग्गा रजिष्टेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूँजीगत लाभकर असुल गरी तोकेको राजश्व खातामा जम्मा गर्नुपर्नेछ ।

**(१३) <u>सवारी साधन कर:</u>**

(१) गाउंपालिकाले सवारी साधन कर लगाउन सक्नेछ ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजन यस दफाको लागि सवारी साधन भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट सडकमा चल्ले चार पांग्रे, तिनपांग्रे वा दुई पांग्रे सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी राधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइने छ ।

(३) यस दफा बमोजिमबो लगाईएको सवरी साधन करको दर प्रदेशमा पठाउनु पर्नेछ ।

(४) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सवारी सधान धनीले यस दफा बमोजिमको कर प्रदेश कर कार्यालय वा एकाइमा बुझायनु पर्नेछ ।

(५) प्रत्येक वर्षको आश्विन मसान्तमा सवारी साध घर धनीले यस दफा बमोजिमको कर दाखिला गर्नु पर्नेछ ।

**(१४) <u>भुमिकर(मालपोत):</u>**

(१) गाउंपालिकाले भूमिकर (मालपोत) लगाई उठाउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ति कर लाग्ने घर र जग्गा बाहेको अन्य जग्गामा भूमिकर (मालपोत) लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनिले भुमिकर (मालपोत) तिर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कूटनीतिक नियोगको नाममा भएका जग्गामा भुमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृति प्रकोपको अवस्था अन्य गम्भीर परिस्थितिमा स्थानीय सरकराले आधार र कराण खोली त्यसबाट प्रभावित प्रभावित सबैले समान सुविधा पाउने गरी भूमिकर (मालपोत) मा छुट वा दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णण भएकोमा मितिले पन्ध्र दिनभित्र त्यसको सूचना गाउंसभाको बेठीक चलेको भए गाउंसभा पेश गर्नु पर्नेछ र बेठक नचलेको भए त्यसपछि बस्ने सभाको पहिलो बेठकले पारित गर्नु पर्नेछ ।

(६) स्थानीय सरकारले यस दफा बमोजिमको भूमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्याक्रम मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भूमिकर (मालपोत) प्रत्येक वर्ष आश्विन महिनाभित्र कर एकाई वा सम्बन्धि वडा कार्यालय वा स्थानीय सरकारले तोकेको कार्यालयमा बुझायनु पर्नेछ ।

(८) स्थानीय सरकारले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएकोमा आधार र कारण खोली गाउंपालिकावा त्यसको कुनै खास षेत्र तोकी सो क्षेत्रको जग्गाको भूमिकर बुझाउने म्याद बढाउन म्याद बढाउन सक्नेछ । सो म्यादभित्र भूमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

**१५. <u>मनोरञ्जन कर:</u>**

(१) स्थानिय सरकारले चलचित्र घर, भिडियो घर, साँस्कृतिक हल, कन्सर्ट जस्ता मनोरन्जन स्थलमा देखाइने मनोरन्जनमा साधानमा मनोरन्जन कर लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरन्जन कर तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको मनोरन्जन कर कनोरन्जन स्थालको संचालकले मनोरन्जनको लागि टिकट बिक्री दर्गाको अवस्थामा असूल गर्नेछ । यसरी असुल भएको मनोरन्जन कर रकम मध्ये गाउंपालिकाले लगाएको सबै र प्रदेशले लगाएको मनोरन्जन करका दुइ प्रतिशत रकम गाउंपालिकाको संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असुल गरेको मनोरन्जन करको रकम असूल गरेको महिना भन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्ने छ ।

**१६. <u>विज्ञापन कर :</u>**

(१) गाउंपालिकाले सूचनापाटी (होर्डिङ्ग बोर्ड) मा विज्ञापन कर लगाई असुल गर्न सक्नेछ ।

(२) गाउंपालिकाले उपदफा(१) बमोजिमको विज्ञापन कर शुल्क उठाउँदा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउन पर्ने छ । यसरी असुल भएको विज्ञापन कर रकम मध्ये गाउंपालिकाले लगाएको सबै र प्रदेशले लगाएको विज्ञापन

कर को २% रकम गाउंपालिकाको संचित कोषमा दाखिला गरि प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असुल गरिने छ ।

(४) यस ऐन बमोजिम असुल गरेको मनोरन्जन करको रकम असुल गरेको महिना भन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिमको विज्ञापन सामाग्री राख्न गाउंपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(६) उपदफा(५) बमोजिमको अनुमति पत्र दिदाँ सर्वसाधरण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्न पाउने अवधि नवीकरण गर्नु पर्ने समय नवीकरण गाउंमा लाग्ने शुल्क सौन्दर्य विगार्न नहुने कुरा, सामाग्रीको भाषिक शुद्धता र शालीनता जस्ता शर्त किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी, संस्था वा व्यक्तिले अरु कसैले प्रयोजन गरेको सूचनापटी (होडिँग बोर्ड) राखेमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रयोजनबाट असूल गरी राजश्व एकाई वा सो इकाइले तोकेको बैंक खाता दाखिला गर्नुर्पेछ ।

(८) नेपार सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ति(पोल आदि) मा विज्ञापन समाग्री राखेमा कर उठाउनु अघि कर एकाइले सो निकायसँग समम्वय गरी कर असुल गर्नुपर्नेछ ।

(९) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको कर छुट वा मिहान हुन सक्नेछैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारका तर्फबाट राखेका विज्ञापनमा कर लाग्नेछैन् ।

## १७. व्यवसाय कर:

(१) गाउंपालिकाले आफ्नो भित्रको व्यापार, व्यवसाय वा सेवामा पूँजीगत अगानी र आर्थीक कारोबारको आधारमा व्यवसाय दर्तामा र नविकरणमा वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा एक वा सो भन्दा बढी स्थानमा संचालन गरेकोमा ६० दिन भित्र सोको जानकारी कर एकाईलाई दिनु पर्नेछ ।

(३) यस दफा बमोजिमको व्यवसाय वार्षिक रुपमा बुझाउनु पर्नेछ । कुनै करदाताले अग्रीम रुपमा ५ वर्षको कर एकमुष्ट बुझाउन चाहेमा त्यस वापत लाग्ने रकममा १० प्रतिशतले छुट दिइनेछ ।

(४) करदाताले व्यवसाय संचालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नु भएमा त्यसको कारण परेको मितिले साठी दिन भित्र कर एकाइमा जानकारी दिनु पर्नेछ ।

(५) कर अधिकृतले करदाताले दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्थ विवरण पेश गर्न तीस दिनको म्याद दिई करदातालाई सूचना दिन सक्नेछ ।

(६) एकपटक व्यवसाय दर्ता भए पछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय संचालनमा रहेको मानी कर असूल गरिनेछ ।

(७) कुनै करदाताले लाग्ने कर बुझाई व्यवसाय दर्ता खारेज गर्न निवेदन दिने सक्नेछ ।

## परिच्छेद-५

## करदाता दर्ता सम्बन्धी व्यवस्था:

### १८. करदाताको पहिचान तथा दर्ता:

(१) व्यवसाय संचालन गर्नुपर्ने दर्ता मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

(२) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान दर्गर्न व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार र कर एकाइलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कर एकाईले यस ऐन बमोजिम कर तिर्नु पर्ने पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नू पर्ने छ ।

(५) नेपाल सरकारकाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धि करोबार गर्दा सोहि नम्बरको प्रयोग गर्नु पर्नेछ ।

### १९. करदाताको दायित्व:

यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः-

(क) आफूलाई करदाताको रुपमा दर्ता गराउने ।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने ।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

(घ) यस ऐन बमोजिम कुनै शल्क, जरिवाना वा व्याज बुझाउनु पर्ने, भए समयमा बुझाउने ।

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने ।

(च) कर अधिकृतले मागेको सूचना तथ्याँक समयमा उपलब्ध गराउने ।

(छ) कर एकाईलाई आवश्यक सहयोग गर्ने ।

## २०. करदाताको अधिकार:

(१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

(क) सम्मानपूवक व्यवहारको अधिकार ।

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धि सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धि विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार

(ङ) कर सम्बन्धि गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिको अधिकारको दावी गर्न आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

## २१. करदाताको प्रतिनिधित्व:

(१) करदाताको प्रतिनिधित्वकरदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको बारेसले गर्न सक्नेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले अठार वर्ष उमेर पुगेको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयँले गरेको मानिनेछ ।

## परिच्छेद-६

## विवरण दाखिला सम्बन्धि व्यवस्थाः

**२२. विवरण दाखिला गर्न आदेश दिन सक्ने:**

(१) यस ऐन बमोजिज कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंक ागर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ । त्यस्तो प्राप्त भएमा सब्मन्धित व्यक्तिले आदेश प्राप्त भएको एक महिना भित्र कर एकाइमा विवरण दाखिला गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमाजिमको म्याद भित्र विवरण दाखिाला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र करण खोली समयावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिनसम्मको समयावधि थप दिन सक्नेछ ।

**२३. विवरण सच्याउन सकिने:**

यस परिच्छेद बमोजिको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धि वा गणितिय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन (३) महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ ।

## परिच्छेद-७

## कर दाखिला सम्बन्धि व्यवस्थाः

**२४. कर दाखिला गर्नुपर्ने:**

(१) यस ऐन बमोजिम दाखिला गर्नुर्ने कर ऐनको परिच्छेदन ४ मा उल्लेख गरिएकोमा सोहि सयममा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थीक वर्षको आश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नु पर्ने कर कट्टी भएको महिना पछिको महिनाको २५ गेत भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

**२५. कर दाखिला निस्सा दिनु पर्ने:**

करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजश्व वा अन्य रकम बुझाए पछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ ।

## परिच्छेद-८

## कर फिर्ता र समायोजन

**२६. कर फिर्ता सम्बन्धि व्यवस्था:**

(१) करदताले यस ऐनबमाजिम कर बुझउँदा तिर्नु पर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर फिर्ता माग गर्न सब्नेछ छ ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

**२७. कर समायोजन सम्बन्धि व्यवस्था:**

(१) करदाताले दफा २६ बमोजिम फिर्ता पाउने ठहरीएको रकम  दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

## परिच्छेद-९

## कर परिक्षण र कर निर्धारण:

**२८. कर परिक्षण र कर निर्धारण:**

(१) यस ऐन बमोजिम करदाताले विवरण पेश गाउेंको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परिक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुट्टा कागजात/विवरण संलग्न गरेको देखिएमा ।

(ग) यथार्थ कारोबार नदेखाएको विश्वाश गर्नुपर्ने कारण भएमा ।

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा ।

(ङ) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने दुखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएके म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश गाउेंमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधन कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यास्तो कर निर्धारण गर्न सक्नेछ ।

**२९. कर निर्धारणको सूचना:**

(१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम,स्थान, समय सिमा र बैक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारण सूचना दिनु पर्नेछ ।

(२) यस ऐज बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचना उल्लिखित स्थान र समय सिमा भित्र कर दाखिला गर्नु दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-१०

## कर संकलन सम्बन्धि व्यवस्था

**३०. कर संकलन सम्बन्धि व्यवस्था:**

(१) यस ऐन बमोजिम असूल उपर गुर्न पर्ने कर, व्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला गाउेंमा कर अधिकृतले कार्यकारी अधिकृतको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरीका बमोजिम कर असुल गर्न सक्नेछः-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउन रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तिय संस्थामा रेहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोबार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्ति माथि दावि वा कब्जा गरेर ।

(छ) करदाताको सम्पत्ति एकैपटक वा पटक-पटक गरी तोकिएबमोजिम लिलाम बिक्री गरेर ।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिक लिलामको कारबाही शुरु भएपछि सो कारवाही समाप्त हुनु पूर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता रकम फिर्ता दर्गा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

**३१. किस्ताबन्दीमा कर असुली:**

कुनै खास करदातालाई विषेश परिस्थितिमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा खडा गरी बढीमा एक भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने व्याज मिन्हा हुनेछैन ।

## परिच्छेद-११

## जरिवाना शल्क र व्याज

**३२. जरिवाना लाग्ने:**

यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर विगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

**३३. व्याज लाग्ने:**

यस ऐन बमोजिम दाखिता गर्नु पर्ने कर समयमा दाखिला गाउेंमा तिर्नु बुझाउनू पर्ने रकमको वार्षीक दश प्रतिशत व्याज लाग्नेछ ।

**३४. अभिलेख नराखेमा लाग्ने:**

यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका कारदाले अभिलेख नराखे रु. १०००।- शुल्क लाग्नेछ ।

### ३५. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने:

यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु.१०००।- शुल्क लाग्नेछ ।

### ३६. झुठा विवरण दिएमा शुल्क लाग्ने:

यस ऐन बमोजिम दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सो को दश प्रतिशत शुल्क लाग्नेछ ।

### ३७. व्याज नलाग्ने:

यस ऐन बमोजिक लाग्ने शुल्क व्याज र जरिवानामा पून व्याज लाग्ने छैन ।

## परिच्छेद-१२

## पूर्वादिश र प्रशासकीय पुनरावलोकन्

### ३८. पूर्वादेश माग गर्न सक्ने:

(१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क प्रशासकीय अधिकृत द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउन छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतानी अदालतमा विचारधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा भएतपनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट नियार्ण भैसकेको विषयमा यस दफा बमोजि पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्याथा नभएसम्म कायम रहने छ ।

### ३९. प्रशासकीय पुनरावलोकन हुन सक्ने:

यस ऐनबमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुरारावलोकन हुन सक्नेछः-

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संसोधित कर निर्धारण सम्बन्धि निर्णय ।

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेका कर र गैरकर राजश्व तथा अन्य दस्तुर, शुल्क, व्याज सम्बन्धि निर्णय ।

**४०. प्रशासकीय पुनरावलोकनको प्रक्रिया:**

(१) यस ऐन बमोजिमको कर निर्धारण निर्णय उपर चित्त बुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन निद सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० दिन कार्यदिन भित्र कारर्वाही र किनारा गर्नु पर्नेछ ।

## परिच्छेद-१३

## पुनरावेदन

**४१. उजुरी नलाग्ने:**

यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन ।

**४२. पुनरावेदन दिन सक्ने:**

(१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्ने पक्षले ६० दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुने छ ।

## परिच्छेद-१४

## गैरकर राजस्व

**४३. सेवा शुल्क तथा दस्तुर:**

गाउंपालिकाले संविधानको अनुसूची ८ बमोजिम क्षेत्र र विषयमा आफूले पुऱ्याएको वापत सेवा शुल्क तथा दस्तुर लागाई उठाउन सक्नेछ ।

## ४४. पर्यटन शुल्कः

(१) गाउंपालिकाले आफै निमार्ण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्ने छ। पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत संचालन र संभार खर्चलाई मानि पर्यटन शुल्क लगाउनु पर्ने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि गाउंपालिकाले आफ्नो क्षेत्र भित्र पर्यटन प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन।

## ४५. सवारी साधन पार्किङ्ग शुल्कः

गाउंपालिकाले आफुले निमार्ण वा व्यवस्था गरेको सवारी साधन पार्किङ्ग शुल्क लगाई उठाउन सक्ने छ। तर नेपाल सरकार र प्रदेश सरकारले निमार्ण गरेका राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटिमा पार्किङ्ग शुल्क उठाउन सक्ने छैन।

## ४६. बहाल विटौरी शूल्कः

गाउंपालिकाले सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउँमा राख्ने अस्थायी अनुमति दिएका पसलमा बहाल विटौरी शुल्क लगाई उठाउन सक्नेछ।

## ४८. केवलकार शल्कः

(१) गाउंपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका केवलकारमा शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क केवलकार संचालकले प्रवेश टिकटमा नै समावेश गरी संकलन गर्नुपर्ने छ।

(३) उपदफा (२) बमोजिम संकलन गरेको शुल्क संकलन गरेको महिना पछिको महिनाको २५ दिन भित्र विवरणसाथ कर एकाइमा दाखिला गर्नु पर्ने छ।

## ४९. डुंगा परिवहन(बोट सेवा) शुल्कः

गाउंपालिकाले आफ्नो क्षेत्र भित्र संचालन भएका डुंगा परिवहन(बोट सेवा) मा शुल्क लगाई उठाउन सक्नेछ।

## ५०. अन्य शुल्क लगाउन सक्नेः

(१) गाउंपालिकाले अनुसूची २ उल्लिखित विषय र क्षेत्रमा शुल्क लगाई उठाउन सक्नेछ।

(२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा सुविधा र व्यवस्थापन गरेको थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्ने छ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्योस्तो निर्णय भएको मितिले सात दिनभित्र गाउंकार्य सभाको बैठक चलेको समयमा सभामा र त्योस्तो बैठक नचलेको समयमा त्यस पछी बस्ने सभाको पहिलो बैठकमा पेश गर्नु पर्ने छ ।

**५१. छुट वा मिनाहा:**

(१) गाउंपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकार राजस्वमा आधार र कारण सुलाई आंशिक वा पूर्ण रुपमा छुट दिन वा मिहान गर्न सक्नेछ । यसरी छुट दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यहार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम गैराकर राजस्वमा छुट वा मिहाना दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको पहिलो बैठकमा पेश गुर्न पर्नेछ ।

## परिच्छेद-१५

## समन्वय सम्बन्धि व्यवस्था

**५२. नेपाल सरकारसँग समन्वय:**

(१) गाउंपालिकाले संघिय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु कर गैरकर राजश्व असूल गर्न एकद्धारा प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्धारा प्रणली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सम्पेको अधिकृतकँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) गाउंपाकिलाले संविधानको साझा सुचीमा रहेका विषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार दर वा कर प्रशासानका संबन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्ने छ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका विषयहरु यस ऐनमा पेश सरह मानिने छ ती व्यवस्थाका हकमा उस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सो अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**५३. प्रदेश सरकार समन्वय:**

(१) गाउंपालिका प्रदेश कानून वा यस ऐन बमोजिम उपर गर्नु गैरकर रावस्व असूल गर्न एकद्धारा प्रणाली अपनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको एकद्धार प्रणाली अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतलेसँग समन्वय गरी नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(३) गाउंपालिकाले संविधानको साझा सूचीमा रहेका विषयसँग समन्धित कर वा गैर कर राजश्वका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनी सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**५४. केन्द्रीय बैंकसँग समन्वय:**

गाउंपालिकाले कर र गैरकर राजस्व संकलनका सम्बन्धमा केद्रीय बैंक(नेपाल राष्ट्र बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५५. अन्य निकाय, कार्यालय र संस्था सँग समन्वय:**

गाउंपालिका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय,बैंक वा संस्थासंग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद-१६

## राजस्व प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धि व्यवस्था

**५६. राजश्व सम्नन्धि नयाँ प्रस्ताव:**

गाउंपालिकाले कर वा गैरकर सम्बन्धि नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवाला सँग परामर्श गर्नुपर्नेछ ।

**५७. सूचना सार्वजनिक गर्नुपर्ने:**

(१) यस कानून बमोजिम स्थानीय सरकारले लगाएको कर र गैर कर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र रावश्वका दर र त्यसमा भएको हेरफेर सम्बन्धि सूचना सर्वसाधारणको लागि सार्वजनिक गर्नु पर्नेछ ।

(२) स्थानीय सरकाले उपदफा (१) बमोजिमका कर, राजस्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई स्थानीय सरकाराको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) स्थानीय सरकारले कर र राजस्वका दर र हेरफेर सम्बन्धि विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयको तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-१७
## विविध

**५८. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने:**
यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनी स्थानीय सरकारले विद्युतीय माध्यम ( अनलाइन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धि अन्य काम कारबाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**५९. ठेक्का लगाउन नपाइने:**
स्थानीय सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन ।

**६०. अनुसूचीमा हेरफेर:**
गाउंकार्यपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यस पछि बस्ने सभाको बैठकमा पेश गर्नु पर्नेछ ।

**६१. कागजातको ढाँचा:**
(१) यो ऐन र यस ऐन अन्तर्गत बनेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरीका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना गरी आवश्यक व्यवस्था गर्न सक्ने छ ।
(२) उपदफा (१) बमोजिम आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकारले कार्यालय सूचना पाटी, वेभसाइट र स्थानीय पत्र पत्रीकाको माध्यमबाट उपलब्ध गराउन सकिनेछ ।

**६२. सूचना तामेली रीत पुगेको मानिने:**
(१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सुचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः-
(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,
(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नावालिग हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संसथा वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको ।

(२) कर एकाईको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको,कम्प्यूटर प्राविधिकबाट इन्स्क्रीप्ट वा इनकोड गरिएको, छाप लगाएको वा सो कागजातमा लेखि यस ऐन बमोजिम जारी गरिएको, तामेली वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

## ६३. कागजातको अभिलेख राख्ने:

(१) यस ऐन बमोजिम पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहायबमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछ ।

(क) यस ऐन बमोजिम गाउंपालिका पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात ।

(ख) कर निर्धारण गर्न सघाउ पुर्याउने कागजातहरु ।

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजात ।

(२) गाउंकार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिम कागजातहरु सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तिमा ४ वर्षको अवधिसम्म सुरिक्षत राख्नु पर्नेछ ।

## ६४. अदालतलाई भए सरहको अधिकार हुने:

यस ऐनको प्रयोजनको लागि गाउंकार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई, बयान, गराउने, प्रमाण बुझ्ने लिखितहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ ।

## ६५. आदेश वा निर्देशन दिन सक्ने:

संघिय र प्रदेश सरकारले कर प्रभावकारी बनाउन नेपालको संविधान र संघिय तथा प्रदेश सरकारको कानून र यो ऐनको प्रावधानलाई कार्यान्वय गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु गाउंकार्यपालिकाको कर्तव्य हुनेछ ।

**६६. कर अधिकृतको परिचय-पत्र:**

कर एकाईमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय-पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय-पत्र सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

**६७. विभागीय कारवाही सजाय हुने:**

(१) कर अधिकृत वा कर प्रशासासंग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानि नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुर्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजि स्वार्थ पूर्ती गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानुन बमोजिम गर्नु पर्ने काम समयमा अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुर परेमा प्रमुख प्रशासकिय अधिकृतले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धि कानून बमोजिम आफूलाई कारवाही गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकारप्राप्त अधिकारी आवश्यक कारवाही गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य गरेको कुरा खुल्न आएमा अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारबाही गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा कार्यकारी अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धि कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानविन गर्ने अवधि भर सो अधिकृतलाई कर अधिकृतको जिम्मेवारी अलग राखिने छ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने अवधि तीन महिना भन्दा बढी हुने छैन ।

**६८. पुरष्कृत गर्न सक्ने:**

(१) गाउंपालिकाले यथार्थपरक  विश्वासनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक वर्ष पुरष्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने पुष्कार सम्बन्धि अन्य व्यवस्था गाउंपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**६९. म्याद, हदम्याद नजाने:**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनी ऐन बमाजिम म्याद वा हदम्याद गणना दर्गा देहायको अवधि बाहेक गरी गणना गरिनेछः-

(क) अदालतबाट स्थलगत वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्वा स्थगत भएको अवधि,

(ख) पुनरावेदन गरेकेमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

**७०. निर्देशिका वा दिग्दर्शन(म्यानुयल) बनाउने अधिकार:**

यस ऐन बमोजिम काम प्रभावकारी रुपमा गर्न स्थानीय सरकार वा सो सरकारले अख्तियारी दिएको अधिकारीले आवश्यक निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ ।

अनुसूची-१
(दफा १०को उपदफा (४) को  घ सँग सम्बन्धित)

**<u>ह्रासकट्टी गर्ने तरीका</u>**

यस ऐन बमोजिम सम्पत्तिको ह्रासकट्टी गर्ने तरीका समान कट्टी तरीका (युनिफर्म चार्ज मेथड) को ,फिक्सड इन्सटालमेण्ट मेथड अनुसार हुनेछ। यसको गणनना देहाय बमोजिम गर्नु पर्नेछ।

सुत्र,

<u>ह्रासकट्टी रकम. सम्पत्तिको प्ररम्भिक मूल्य- अनुमाति शेष मूल्य</u>

<u>सम्पत्तिको आयु(वर्ष)</u>